# रतिनानी कर्खामा सल्यानी समाजको प्रतिबिम्ब

**डम्बरबहादुर पुन, हर्कबहादुर शाही**
त्रिवि अनुगमन निर्देशनालय, त्रिवि अनुसन्धान निर्देशनालय
[1]shahiharka482075@gmail.com
**Received Date:** March 7, 2024; **Reviewed Date:** June 4, 2024;
**Accepted Date:** August 23, 2024

## लेखसार

*रतिनानीको कर्खा आख्यानात्मक लोकगीत हो । लोकजीवनका विविध विषयवस्तु कथा, व्यथाहरू समेटिएको यस कर्खाको साहित्यको समाजशास्त्रीय अध्ययनका आधारमा विश्लेषण गरिएको छ । नेपाली साहित्यका विभिन्न विधाहरूको साहित्यको समाजशास्त्रीय अध्ययनका आधारमा विश्लेषण गरेको भए तापनि रतिनानी कर्खामा हालसम्म सल्यानी समाजको प्रतिबिम्ब खोज्ने काम कहीँ कतै गरेको देखिँदैन । यसका लागि सामग्री सङ्कलन गर्न स्थलगत कार्यअन्तर्गत हिमगोल नमुना छनोट विधिको सहायता लिएको छ भने सङ्कलित सामग्रीको निर्मलीकरणका लागि समाजशास्त्रीय सिद्धान्तको उपयोग गरिएको छ । सामग्री निर्मलीकरण गर्दा यस कर्खामा तत्कालीन सल्यानी समाजले उत्पादन गरेका अदुवा, टिमुर, भटमास र जडीबुटीजस्ता नगदेबाली बिक्री गर्न र आफूलाई चाहिने सामग्री खरिद गर्न नेपालगन्ज गएको देखिन्छ । यसका साथै प्रस्तुत कर्खामा सामाजिक परम्पराका रूपमा रहेका विवाहका लागि साइमासो दिने र मृत्यु हुनुपूर्व हिरनका रूपमा सुनको टुक्रा खुवाइदिने संस्कारका झलकहरू पनि व्यक्त भएका पाइन्छन् । यहाँका जनताले जीविकोपार्जनका लागि घोडा, भैँसी, गाई, बाखा, भेडा आदि पालन गरेको र जातीय पेसाका रूपमा जलारुहरूले माछा मारेको, धोबीले लुगा धोएर आफ्ना परिवार पालेको बयान यसमा गरिएको छ । यसमा सल्यानको सांस्कृतिक झलक दिने शिल्पकलाहरू गलामा लगाउने सिक्री, माला, पोते, चुरा, बाला, रैँया, क्लिप, चन्द्रमा, नथिया, मुन्द्री आदिको चर्चा भएको देखिन्छ । यस कर्खामा सल्यानी जनताले प्रयोग गर्ने स्थानीय भाषिकाको स्वभाव अनुसार नाम्रो (राम्रो), लाउने (लगाउने), पाइता (पाइला), डाँरा (डाँडा) आदि शब्दको चर्चा गरिएको छ । यस कर्खामा सल्यान क्षेत्रका मनोरम पहाडी प्रकृतिका सुन्दर नमुनाहरू वर्षा मासमा पिँडालुको कलिलो गाभा पलाएको, बाखाले धायरो र तिर्सुला खाएको वर्णन गरिएको छ । यसबाट प्रस्तुत लेखमा रतिनानीको कर्खामा सल्यानी समाजका रहनसहन, सांस्कृतिक पहिचान, आर्थिक अवस्था, भौगोलिक अवस्थिति, प्रकृति चित्रण, स्थानीय भाषिका र लयात्मक प्रभावको रहेको प्रस्ट हुन्छ । यो लेख तत्कालीन सल्यानी समाजको अध्ययनका लागि उपयोगी हुने देखिन्छ ।*

**शब्दकुञ्जी :** बनिया, सल्यानी समाज, साइमासो, हाटयात्रा, हैजाको महामारी ।

## विषयपरिचय

रतिनानी कर्खा प्रबन्धात्मक लोकगीत हो । यो कर्खा गन्धर्व जातिले जीविकोपार्जन गर्न र मनोरञ्जन प्रदान गर्न गाउँगाउँ, टोलटोल, घरघरमा गएर सारङ्गी बजाउँदै गाउने गरेको देखिन्छ । प्रबन्धात्मक लोकगीतलाई नेपाली लोकसाहित्यमा लोकगाथा, धमारी, चाँचरी, भैनी,

ढुस्को, ओहाली, कर्खा, सवाई, चैत, भारत आदि नामले चिनिन्छ । यसलाई सल्यानमा कर्खा भनेर चिन्ने गरिन्छ । कर्खामा गीतितत्त्व, कथातत्त्व र लोकतत्त्वको समिश्रण पाइने भएकाले यसमा सल्यानी समाजको प्रतिबिम्ब पाइनु स्वाभाविकै हो । साहित्यका अन्य विधाको अध्ययन गरिएको भए तापनि सामाजिक सन्दर्भमा रतिनानी कर्खाको भने हालसम्म अध्ययन हुन सकेको छैन । दक्षिणपूर्वी सल्यानका नेपाली लोकगीतको अध्ययन गर्ने क्रममा डम्बरबहादुर पुनले यस कर्खाको साहित्यिक पक्षको विश्लेषण गरेको देखिन्छ (२०५८, पृ.७९-८७) । यस अध्ययनबाहेक अन्यत्र कहीँकतै यस कर्खाका विषयमा चर्चा हुन सकेको छैन । समाजपरक समालोचना प्रणालीका कोणबाट रतिनानी कर्खाको अध्ययन हुन नसक्नु नै यस अध्ययनको समस्या हो भने तत्कालीन सल्यानी समाजका सापेक्षतामा यस कर्खाको विश्लेषण गर्नु नै यस अध्ययनको उद्देश्य हो । त्यसैले यस लेखमा रतिनानीको कर्खामा सल्यानी जनजीवनका सामाजिक रहनसहन, सांस्कृतिक पहिचान, आर्थिक अवस्था, भौगोलिक अवस्थिति, प्रकृति चित्रण, स्थानीय भाषिका र लयात्मक प्रभावको अध्ययन गर्ने काम गरिएको छ । प्रस्तुत लेख तत्कालीन सल्यानी जनजीवनको अध्ययन गर्न चाहने अध्येताका लागि महत्त्वपूर्ण सामग्री बन्न सक्ने देखिन्छ ।

## अधययनविधि

*रतिनानीको कर्खामा सल्यानी समाजको प्रतिबिम्ब* शीर्षकको यो आलेख गुणात्मक अध्ययनमा आधारित छ । यो लेखमा प्रायोगिक र ऐतिहासिक विधिको उपयोग गरिएको छ । प्रस्तुत शोधलेखमा तत्कालीन सल्यानी समाज र वर्तमानकालीन अवस्थाको अध्ययन गरिएकाले यसमा ऐतिहासिक विकासक्रम देखाउने द्विरेखीय पद्धति अँगालिएको छ । त्यैसेले यस कर्खामा सल्यानी समाजको अध्ययन कार्य ऐतिहासिक विधिद्वारा गरिएको प्रस्ट हुन्छ । यस अध्ययनको शोधक्षेत्र रतिनानीको कर्खा हो भने यसको शोधसमस्या सल्यानी समाजको प्रतिबिम्ब अध्ययन हुन नसक्नु हो । प्रस्तुत शोधलेखका लागि सामग्री सङ्कलन गर्न ग्वाँतो गन्धर्व हुँदै टोकमान गन्धर्वसम्म पुगिएको छ । यसका लागि क्षेत्रीय अध्ययन कार्यअन्तर्गत हिमगोल नमुना छनोट विधि अवलम्वन गरिएको छ । सङ्कलित सामग्रीको निर्मलीकरणका लागि साहित्यको समाजशास्त्रीय सिद्धान्तको उपयोग गरिएको छ ।

## सैद्धान्तिक पर्याधार र ढाँचा

प्रस्तुत लेखमा रतिनानीको कर्खामा प्रतिबिम्बित तत्कालीन सल्यानी समाजको अध्ययन गरिएकाले यस लेखको सैद्धान्तिक पर्याधार समाजपरक समालोचना प्रणाली हो । यसले साहित्यको समाजशास्त्रीय अध्ययन गर्दछ । समाजपरक समालोचना प्रणालीमा समाजलाई केन्द्रमा राखेर साहित्यको अध्ययन गरिएको हुन्छ । समाजलाई केन्द्र बनाएर अध्ययन गर्ने समालोचना प्रणालीका सम्बन्धमा विभिन्न प्रकारका दृष्टिकोणहरू प्रस्तुत गरिएको पाइन्छ । साहित्यको समाजशास्त्रीय अध्ययनको विकासक्रममा वैज्ञानिक नियतिवाद, प्रत्यक्षवाद र

मार्क्सवादी दृष्टिकोणहरू देखा परेको कुरा नगेन्द्रले उल्लेख गरेका छन् (गौतम, २०५०, पृ. ३६)। यसै विचारलाई वासुदेव त्रिपाठीले गैह्र मार्क्सवादी र मार्क्सवादी दृष्टिकोण भनेर प्रस्तुत गरेको पाइन्छ (२०३६, पृ. ६००)। बेलायती विद्वान् रेमन्ड विलियम्सले संस्कृतिको समाजशास्त्र र अनुभूतिको संरचनाका आधारमा साहित्यको समाजशास्त्रीय अध्ययन गर्न सकिन्छ भन्ने नयाँ दृष्टिकोण प्रस्तुत गरेको कुरा रामहरि लम्सालले उल्लेख गरेको पाइन्छ https://www.nepjol.info/index.php/ijmss/article/view/34656 । यी उल्लिखित दृष्टिकोणमध्ये नगेन्द्रले उल्लेख गरेको वैज्ञानिक नियतिवाद र प्रत्यक्षवाद, वासुदेव त्रिपाठीले उल्लेख गरेको गैह्र मार्क्सवाद र रेमण्ड विलियम्सको संस्कृतिको समाजशास्त्र पछि आएर यथार्थवादी धारा र नगेन्द्रले उल्लेख गरेको मार्क्सवाद, वासुदेव त्रिपाठीले उल्लेख गरेको मार्क्सवाद र विलियम्सको अनुभूतिको संरचना पछि आएर प्रगतिवादी धाराका रूपमा विकसित भएको पाइन्छ।

समाज र मानवीय जीवन जस्तो छ, त्यस्तै रूपमा चित्रण गर्नु यथार्थवाद हो। साहित्यमा सामाजिक यथार्थताको चर्चा गर्ने क्रममा अठारौँ शताब्दीका विद्वान् भिकोले *नयाँ विज्ञान* (१९२५) नामक कृतिमा साहित्य समाजको उपज हो भनेर साहित्यमा समाजशास्त्रीय व्याख्या गरेका छन् (गौतम, २०५०, पृ. ३६)। यसै गरी उन्नाइसौँ शताब्दीका विद्वान् हेर्डरले ग्रिक नाटककार र शेक्सपियरका सामाजिक र जातीय पर्यावरणमा रहेको भिन्नताबाट उब्जेका नाट्य भिन्नता औँल्याउँदै साहित्यकार आफ्नो जाति र युगको चैतन्यबाट प्रभावित हुने कुरा उल्लेख गरेका छन् (त्रिपाठी, २०३६, पृ. ६००)। यस धारालाई अगाडि बढाउने अन्य विद्वान्हरूमा डी.स्टील, सेन्टव्युभ, हिपोलेट टेन आदि रहेका छन्। यसै गरी मार्क्सवादी धाराअन्तर्गत कार्ल मार्क्स र फ्रेडरिक एन्जेल्सका दार्शनिक, सामाजिक, राजनीतिक तथा आर्थिक विचारलाई साहित्यसँग जोड्ने पहिलो व्यक्ति लेनिन हुन्। उनले टल्सटायका कृतिको सर्वाङ्गीन विवेचना गरेर उनका कृतिलाई रुसी क्रान्ति दर्पण मानेर मार्क्सवादी समाजशास्त्रीय दृष्टिकोण अपनाएर समीक्षा गरेका छन्। सैद्धान्तिक रूपमा मार्क्सवादी समालोचनाको जग बसाल्ने पहिलो विद्वान् भने प्लेनाखोव हुन्। उनले साहित्यको विश्लेषण ऐतिहासिक भौतिकवादी दृष्टिकोणबाट गर्नुपर्ने कुरामा जोड दिएका छन्। साहित्य वर्ग दृष्टि कै अभिव्यक्ति भएकाले यसको विश्लेषण गर्नु भनेको वर्ग विश्लेषण गर्नु हो भन्ने धारणा प्लेनाखोवको रहेको छ (त्रिपाठी, २०३६, पृ. ६००)। यस धारालाई अगाडि बढाउने अन्य विद्वान्हरूमा लुनाचास्की, क्रिस्टोफर कडबेल, राल्फा फक्स, हावार्ड फस्ट, जर्जलुकास आदि हुन्। यी विद्वान्हरूले साहित्यलाई समाज कै सेरोफेरोमा अध्ययन गर्नुपर्ने धारणा राखेको पाइन्छ।

हाल आएर नेपाली साहित्यमा पनि समाजलाई केन्द्र बनाएर गुरुप्रसाद मैनालीको नासो कथा सङ्ग्रह, गोपालप्रसाद रिमालको यो प्रेम नाटक, कृष्णचन्द्र सिंह प्रधानको एक चिहान नाटक, रमेश विकलको अविरल बग्द छ इन्द्रावती उपन्यास लगायतका नेपाली साहित्यका थुप्रै कृतिको अध्ययन गरेको पाइन्छ। यसका साथै लोकसाहित्यमा पनि समाजको अध्ययन गर्न

थालिएको छ । लोकगीत एक ठाउँबाट अर्को ठाउँ र एउटा गलाबाट अर्को गला भएर समाजमा फैलने क्रममा स्थानीय भूगोल, इतिहास, संस्कृति र भाषालाई आत्मसात् गरे (गिरी, २०७८, पृ. १४५) झैँ रतिनानी कर्खा पनि लोकसाहित्यको एक अंश भएको र यसले सल्यानको स्थानीय भूगोल, इतिहास, संस्कृति र भाषालाई आत्मसात् गरेको पाइन्छ । त्यसैले यस शोधलेखमा सल्यानी समाजलाई केन्द्रमा राखेर समाजपरक समालोचना प्रणालीअन्तर्गत यथार्थवादी धाराको सिद्धान्त अवलम्बन गरिएको छ । यो धारा नगेन्द्रले उल्लेख गरेको प्रत्यक्षवाद, वासुदेव त्रिपाठीले उल्लेख गरेको गैह्रमार्क्सवाद र रेमन्ड विलियम्सको संस्कृतिको समाजशास्त्रको आधारको अर्को रूप हो । यस कर्खाको विश्लेषण गर्न यथार्थवादको सैद्धान्तिक ढाँचाभित्र सल्यानको चिनारी दिने परिवेश, हाटयात्रा, समाज र संस्कृति, स्थानीय भाषिका, आर्थिक अवस्था, प्रकृति र लयगत प्रभावको अध्ययन गरिन्छ ।

## परिणाम र विमर्श

यस कर्खामा सल्यानी समाजका विभिन्न पक्षहरूको विश्लेषण गरिएको छ । सल्यानी जनताले नेपालगन्जसम्मको हाटयात्रा गर्दा भोगेका पीडा र व्यथाको चर्चा यस लेखमा गरिएको छ । यस लेखमा तत्कालीन सल्यानी जनताले कसरी आफ्नो जीवनयापन गर्थे भन्ने कुरा प्रस्ट पारिएको छ । सल्यानी समाजका विवाह हुनुपूर्व साइमासो भनेर नगद रुपैँया दिने परम्परा र मृत्यु हुनुपूर्व हिरन भनेर सुनको टुक्रा खुवाइदिने संस्कारको चर्चा पनि यसमा गरिएको छ । सल्यानको प्रकृति, यहाँको आर्थिक अवस्था र स्थानीय भाषिकाको चर्चा गर्दै समाजको सापेक्षतामा रतिनानी कर्खामा सल्यानी समाजको प्रतिबिम्ब खोज्ने काम यस शोधलेखमा गरिएको छ । यस प्रकारको अनुसन्धान नै साहित्यको समाजशास्त्रीय अध्ययन हो । यसप्रकारको नतिजा प्राप्त गर्न कर्खाको विमर्शका लागि अगस्त कोम्तेले स्थापना गरेको समाजशास्त्र तथा भिको र प्लेनाखोभको साहित्यको समाजशास्त्रीय अध्ययनका आधारमा कर्खाभित्र सल्यानी भूगोल, परम्परागत मूल्यमान्यता, सामाजिक जनजीवन, आर्थिक अवस्था, सांस्कृतिक पहिचान, प्रकृति चित्रण र भाषिक अवस्थाको निम्नानुसार विश्लेषण गरिन्छ :

## कर्खाको प्रस्तुति

कर्खा गन्धर्वहरूले गाउँघरमा गएर सारङ्गी बजाउँदै गाउनेगर्दछन् । विशेष गरेर किसानहरूले हिउँदे बाली र वर्षे बाली भित्र्याउने बेला गन्धर्वहरू घरघरमा गएर बया माग्ने क्रममा यो कर्खा गाउने गरेको पाइन्छ । पुत्रपुत्री वियोगमा परेका आमाबुबा तथा अन्य दाजुभाइ दिदीबहिनीहरूको अनुरोधमा गन्धर्वहरूले लय हालेर यो कर्खा गाउने गर्दछन् । बाह्रै महिना कुनै पनि समयमा गाउन सकिने यो कर्खा गन्धर्वहरूले गाउँदागाउँदै बिचबिचमा रोकिएर घटनाक्रमको अर्थ लगाउँदै र कतिपय अधुरा घटनालाई गद्यमा व्याख्या गरेर पनि प्रभावपूर्ण रूपमा सुनाउँछन् । यो कर्खा रोपाइँ गोडाइँका समयमा नारीहरूले पनि गाउने गरेको पाइन्छ ।

## आख्यान

सल्यान कजेरीकी रतिनानीलाई एक सय साठी हटारुसँग आमाले हाटतिर नेपालगन्ज पठाइन् । हाट जाने बेलामा उनले साठी धार्नी सुठो, सात पाथी सिधा र तीन पाथी खाजा बोकेर घरबाट हिँडिन् । हटारुहरू बाह्रधार्नेको एक बासपछि अर्को दिन सितलपाटीमा बास बस्न गए । रतिनानी सितलपाटीमा आएको जानकारी पाएर सल्यान अड्डाको कर्नेल घोडामा चढेर भेट गर्न आयो । रातभरि रतिनानी र कर्नेलका बिचमा कुराकानी भयो । रतिनानीबाट आकर्षित भएर कर्नेलले उनीसँग विवाहको प्रस्ताव राख्यो । कर्नेलको विवाहको प्रस्तावलाई स्वीकार गर्दै रतिनानीले आफू एक सय साठी हटारुसँग सुठो बोकेर बजारतिर जान लागेको हुँदा बजारबाट फर्केपछि विवाह गर्ने भनी एक हजार रुपैँया साइमासो (विवाहका लागि गरिएको बयाना) राखिन् । कर्नेलबाट बिदा भएर रतिनानीलगायतका हटारुहरू गुप्ताखोला, झिर, राजितरा, डाँराढुङ्गा, लोतामारे, ठुरे र कुमढिकको बास गर्दै नेपालगन्जसम्म पुगे । रतिनानी आएको देखेर नेपालगन्जको बनियाले गुन्द्री बिच्छ्याई स्वागत सत्कार गऱ्यो । बजारमा सबै हटारुहरू आ-आफ्नो सामग्री बिक्री गरे । दुःखको कुरा त्यसबेला नेपालगन्जमा हैजाको महामारी फैलेको रहेछ । यस्तो समयमा हाट आएकोमा रतिनानीलाई अत्यन्त दुःख लाग्यो । त्यस बेला हैजाको महामारीले धेरै मान्छेको मृत्यु भइसकेको रहेछ । सारा घरघर, पसलपसल आदिमा करुण विलापको चीत्कार मच्चिएको रहेछ । बजारको किनबेचको काम सकेर रतिनानी र हटारुहरू घरतर्फ फर्के । बजारबाट घर फर्कदा कुमढिकमा हैजा लागेर रतिनानीको भाइको मृत्यु भयो । कुमढिकबाट हिँडेपछि रतिनानीलाई पनि हैजाले भेटायो । यसपछि रतिनानीले मामाहरूलाई सिक्काको माला घरमा आमालाई लगिदिन आग्रह गर्दै र नथिया आफ्नो हिरनका रूपमा धारण गर्दै बबई किनारामा मृत्युवरण गरिन् । हैजाको डरले गर्दा रतिनानीका दुई मामाहरू साथमा भए पनि उनको मृत शरीरलाई माटोमा समेत नगाडीकन बाटोमा छाडेर घरतिर गए । मामाहरू घरमा गएर दिदीलाई भान्जाभान्जीको हैजाले मृत्यु भएको जानकारी दिए । छोरीको मृत्यु भएको खबर सुनेर छोरीको गाजले आँखा, रूप्से मुहार र सेता तिघ्रा सम्झँदै छाती पिटीपिटी आमा रुन थालिन् । रतिनानीको मृत्यु भएको जानकारी पाएर घाटगाउँ बुरेलीकी उनकी सँगिना चिम्सेनानी पनि खोलामा हामफालेर आत्महत्या गरिन् । उनीहरू दुईबिच एक जनाको मृत्यु भएपछि अर्कीले आत्महत्या गर्ने सल्लाह भएको थियो ।

## कर्खामा सल्यानी परिवेश

कर्खामा पात्रले गर्ने क्रियाकलाप र घटनाहरू घटित हुने स्थान, समय र वातावरणलाई परिवेश भनिन्छ । साहित्य केवल व्यक्ति वा कलाकारको अभिव्यक्ति मात्र नभएर त्यसमा उसको देश, काल र वातावरणको कलात्मक प्रस्तुति गरिएको हुन्छ (त्रिपाठी, २०३६, पृ. ५६५) । कर्खा गीतमा पनि स्थानीय परिवेशको विशेष प्रस्तुति रहेको पाइन्छ । स्थान विशेष र

समय विशेषको रीतिस्थिति, आचरण, व्यवहार, रहनसहन, विश्वास, मान्यता, प्राकृतिक पृष्ठभूमि, भौगोलिक अवस्थिति, जीवन र सोचाइ आदि परिवेशभित्र पर्दछन् (शर्मा र लुइटेल, २०६३, पृ. १६३) । यो कर्खामा सल्यान कजेरीदेखि नेपालगन्जसम्मका स्थानको चर्चा गरिएको छ । रतिनानी र चिम्सेपानीबिचको वर्णनमा सल्यान बनगार दराको घाटगाउँ बुरेलीसम्मका स्थान पनि समेटिएका छन् । यसका साथै सल्यान कजेरीबाट नेपालगन्जसम्म हाट जाने क्रममा हटारुहरू बिचबिचमा बास बसेका बाह्रधार्ने, सितलपाटी, गुप्ताखोली, झिर, राजितरा, डाँराढुङ्गा, लोतामारे, ठुरे, बबई, कुमढिक आदि स्थानको चर्चा पनि यस कर्खामा गरेको पाइन्छ । रतिनानी र सल्यान अड्डाको कर्नेलसँग भेटघाटको बयानमा सल्यान खलङ्गाको वर्णनसमेत यसमा गरिएको छ । यसका साथै यसमा यहाँको मुख्य बजार नेपालगन्जको बयान विशेष रूपमा गरिएको छ । हाटयात्राका क्रममा बास बस्ने स्थानमा रमाइलो गरेको, भारी बिसाउँदा सुस्केरा हाल्दै आराम गरेको, ठूलाठूला डर लाग्दा बनजङ्गल काटेको, उर्लदो भेलसहितको शारदा र बबई नदी तरेको वातावरण यस कर्खामा पाइन्छ । यस कर्खामा बाख्राले खाने धायरो, तिर्सुला, पिरालुको गाभा, ओल्टाकोल्टा गाई चरेको, हलेदोको बुर्ना, अदुवाको रिक, वर्षाको रिमझिम, सगरको गडगडाहट, बादलको रेखाजस्ता मनोरम प्राकृतिक दृश्यमा प्रस्तुत भएका प्राकृतिक दृश्य तथा भाषिकागत प्रस्तुतिका आधारमा यो कर्खा सल्यानी परिवेशमा रहेको कुरा प्रस्ट हुन्छ । यस कर्खामा सल्यान कजेरीदेखि प्रारम्भ भएर नेपालगन्ज बजारमा गई घर आउँदासम्मको करिब १५-२० दिनको समयावधि समेटिएको पाइन्छ । कजेरीदेखि नेपालगन्ज जाँदा मात्र ११ दिन लागेको र घर फर्कदाको समय भने यकिन गरिएको पाइँदैन । हैजाका कारण औषधी उपचारको अभावमा रतिनानीका दिदीभाइको बाटोमा नै मृत्यु भएको र सल्यानमा उत्पादन भएका नगदेवाली बिक्रीका लागि नेपालगन्ज पुऱ्याउनु परेको वर्णन यस कर्खामा पाइन्छ । यसका साथै सल्यान क्षेत्रमा मोटर बाटोको कुनै पनि सुविधा नभएको वर्णनबाट यो कर्खाले २०३०-४० को दशकभन्दा धेरै अगाडीको समयलाई समेटेको देखिन्छ । यसरी यस कर्खामा प्रस्तुत भएका स्थान, समय र वातावरणका आधारमा यो कर्खा नितान्त सल्यानी जनजीवनमा केन्द्रित रहेको स्पष्ट हुन्छ ।

## हाटयात्राको वर्णन

प्रस्तुत कर्खामा गरिएको हाटयात्राको विश्लेषण समाजशास्त्रको ऐतिहासिक पद्धतिका आधारमा गरिन्छ । विगतका महत्त्वपूर्ण घटनाहरू सामाजिक सम्बन्ध, समाज तथा संस्कृतिको सूक्ष्म एवम् विस्तृत अध्ययनका लागि प्रयोग गरिने पद्धति ऐतिहासिक पद्धति हो (गुप्ता, इ.१९८२, पृ. ८९) । यस कर्खामा तत्कालीन सल्यानी जनजीवनले गर्ने गरेको हाटयात्राको जीवन्त चित्रण प्रस्तुत गरिएको पाइन्छ । यसबाट तत्कालीन सल्यानी समाजको अध्ययन गर्न सकिन्छ । सडक यातायातको सुविधा हुनुभन्दा पहिले सल्यान क्षेत्रका मानिसहरू सुठो, भटमास, टिम्मुर, रिठा लगायतका सामग्रीहरू बिक्री गर्न तथा घर परिवारका लागि आवश्यक नुन, तेल, कपडा, भाँडाकुँडा आदि सामग्री खरिद गर्न नेपालगन्ज हाट जानु स्वाभाविकै थियो । हाट जाने क्रममा

रतिनानी लगायतका एक सय साठी हाटरुहरू ठाउँठाउँको बास गर्दै नेपालगन्जसम्म पुगेका छन्। तत्कालीन समाजका व्यक्तिहरू हाट जाँदा बिक्री गर्ने सामग्री वा जिनसका रूपमा ठूलाठूला भारी बोक्ने र त्यसको साथमा खाना र अर्नी (खाजा) का लागि सिदा पनि बोक्ने गर्दथे। रतिनानीले जिनसको रूपमा साठी धार्नी सुठो र सात पाथी सिदा र तीन पाथी खाजाको भारी बोकेकी छिन्। रतिनानीले हाटयात्राका क्रममा तयार गरेको भारीको वर्णन यस प्रकार छ-

साठी धार्नी सुठो, माछा मार्ने जलारुले माछी माऱ्यो खिदा

साठी धार्नी सुठोमाथि सात पाथी सिदा नानी बस मायालै

सात पाथी सिदा, लरकिने ढलकिने बैंस पापी राजा

रतिनानी बाटा खर्च तिनै पाथी खाजा नानी बस मायालै (रतिनानीको कर्खा ३/४)

त्यस समयका हटारुहरूले ओढ्ने ओछ्याउने कपडा, खाना पकाउने भाँडाकुँडा, मनोरञ्जन गर्ने मादल आदि पनि साथैमा बोक्ने गरेको पाइन्छ। उनीहरू प्रत्येक बास बस्ने ठाउँमा ठूलाठूला मुढाहरू खोजेर ल्याउने र रातभरि आगो बाल्ने, सानासाना झिँजादाउरा लिएर खाना पकाउने र खाने पनि गर्दथे। खाना खाएपछि सबै हटारुहरू एकैठाउँमा भेला भएर नाच्ने, गाउने, रोचक लोककथाहरू सुन्ने सुनाउने र गाउँखाने कथा भनेर मनोरञ्जन पनि गर्दथे। कतिपय ठाउँमा बास बस्दा टहरा पनि हाल्ने गर्दथे। बाँकी दिन एवम् क्रमले यात्रा गर्दथे। भारी अत्यन्त गह्रुङ्गो बोक्ने तर नजिकनजिक बास गर्ने तत्कालीन समाजको प्रचलन थियो (पुन, २०५८, पृ. ८०)। यसरी सल्यान कजेरीबाट नेपालगन्जसम्म हाट जाने क्रममा रतिनानी लगायतका हटारुहरू विभिन्न स्थानमा बास बसेको देखिन्छ। यसरी गरिने हाट यात्राको वर्णन यस कर्खामा पाइन्छ। हटारुहरू बजार पुगेपछि बनियाले रतिनानी लगायतका हटारुलाई नेपालगन्जमा गुन्द्री ओछ्याएर स्वागत गरेको छ। हटारुहरूको सामान सस्तोमा खरिद गर्ने र आफ्नो सामान महङ्गोमा बिक्री गर्ने स्वार्थबाट ग्रसित बनियाहरू यसरी दुःखकष्टका साथ बजारमा पुगेका हटारुहरूलाई तानातान गरेर आफ्नो पसलमा लग्ने र स्वागत सत्कार गर्ने गर्दछन्। तत्कालीन समयका कतिपय हटारुहरू औलोबाट ज्वरो आएर र कतिपय हटारुहरू चोरकाँडाको आक्रमणमा परेर ज्यान गुमाउने गर्दथे भने कतिपय व्यक्तिहरू त झन् खोला तर्न खोज्दा बगेर तथा भारी बिसाउन खोज्दा भारीसँग लडेर मर्ने गर्दथे। यसै गरी कतिपय हटारुहरू हाट जाँदा आउँदा बिच बाटोमा नै आकस्मिक रूपमा हैजा लागेर पानीसमेत पिउन नपाएका र हैजा सर्ने डरले हैजा लागेको जीवित व्यक्तिलाई नै बाटोमा छाडेर आफन्तहरू घरतिर गएका घटना तत्कालीन समयमा विद्यमान थिए। यस्तै घटनाहरूमध्ये एउटा प्राकृतिक प्रकोपको सिकार रतिनानी र उनका भाइ भएका छन्। हैजा लागेर रतिनानी र

उनका भाइको बाटैमा मृत्यु भएको छ । उनीहरूले जीवित हुँदा पिउने पानी र मरेपछि एक मूठी माटो पनि पाएका छैनन् ।

माला लैदेऊ नासो, सगर लाग्यो गरकिन पानी लाग्यो चुन

दुइटा माउली सङै भई मुठी माटो पाइन नानी बस मायालै (रतिनानीको कर्खा ३०)

आफन्त तथा मावलीहरू साथमा हुँदाहुँदै पनि मृत शरीरलाई हैजाका डरले बाटोमा छाड्न बाध्य भएका देखिन्छन् । यहाँ पनि मामाहरू तथा इष्टमित्रहरूमा विवशतापूर्ण स्वार्थीपनको झलक पाइन्छ ।

## सल्यानी सामाज र संस्कृति

कृतिभित्र  सांस्कृतिक मूल्यहरू जीवन्त रूपमा आउने भएकाले सामाजिक संस्कृतिको अध्ययन गर्ने भरपर्दो स्रोत साहित्यलाई मानिन्छ (पाण्डेय, १९८९, पृ. १२४) । रतिनानी कर्खा पनि साहित्यको एउटा महत्त्वपूर्ण पक्ष भएकाले यसका माध्यमबाट तत्कालीन सल्यानी समाज र संस्कृतिको अध्ययन गर्न सकिन्छ । सल्यान बहुजातीय, बहुधार्मिक र बहुसांस्कृतिक समाज भएको क्षेत्र हो । यहाँ विभिन्न जातिहरूको मिश्रित बसोबास भएको पाइन्छ । सङ्ख्यात्मक रूपमा मतुवाला, मगर र क्षत्री जातिको बाहुल्य रहेको छ भने ब्राह्मण, नेवार, विश्वकर्मा, सार्की परियार जातिहरू मध्यम रूपमा र योगी, ताम्रकार, गन्धर्व, सुनार र बादी जातिहरूको सङ्ख्या एकदमै न्यून अवस्थामा रहेको पाइन्छ । ब्राह्मण, विश्वकर्मा, सार्की, परियार, ताम्रकार, सुनार र बादी जातिले धेरै मात्रामा जातीय पेसा अँगालेको पाइन्छ भने अन्य जातिले कृषि व्यवसाय गरेको पाइन्छ (पुन, २०७३, पृ. १३) । थोरै व्यक्ति मात्र अन्य पेसामा संलग्न रहेका पाइन्छन् । यस कर्खामा पनि जलारुले माछा मारेको, आरनेले खुकुरी बनाएको, गन्धर्वले गीत गाएको, चनाराले खुकुरीको दाप बनाएको आदि जातीय पेसाको बर्णन गरिएको पाइन्छ । यसरी जातीय पेसा अँगालिएको गीतको टुक्रा यस प्रकार छ :

बास राजितरा, जालै खेल्ने जलारुले माछी मार्‍यो बुङा

राजितराबाट उठी बास डाँराढुङ्गा नानी बस मायालै (रतिनानीको कर्खा १४)

यहाँ हिन्दू धर्म मान्ने मानिस धेरै मात्रामा पाइए पनि बौद्ध, निरङ्कारी, क्रिश्चियन र मुस्लिम धर्म मान्ने मानिस पनि पाइन्छन् । विभिन्न जाति र धर्म मान्ने मानिस भए तापनि यहाँ धार्मिक विविधतामा धार्मिक सहिष्णुता देख्न सकिन्छ । समाजमा रहेका यस प्रकारका जातजाति, भाषाभाषी, सांस्कृतिक प्रचलनका साथै समुदायले अपनाउने जीवन पद्धति, समुदायको पारिवारिक संरचना, संस्कार, चाडपर्व, रीतिरिवाज, नातासम्बन्ध, पहिरन, खानपान, आर्थिक तथा सामाजिक वर्ग विभाजन आदि विषयवस्तु लोकगीतमा प्रतिबिम्बित भएका हुन्छन् (आचार्य, २०६२, पृ. २०२) । यस कर्खामा पनि सल्यानी समाजको जीवन्त चित्रण पाइन्छ ।

यस कर्खामा उल्लेख भएका कोलमा तिल पेल्ने, सुपोमा चामल केलाउने, गाई भैंसी रनबन कोल्टाकाल्टी चराउने गरेको वर्णन यस कर्खामा पाइन्छ, जस्तै :

तिनै पाथी खाजा, गाई लाइयो रनबन भैँसी लाइयो कोल्टा

सय साठी हटारुयौ छोरी तम्रै पोल्टा नानी बस मायालै (रतिनानीको कर्खा ५)

यस कर्खामा सल्यानको सामाजिक परम्परा, कला, धर्म, रहनसहन, भेषभूषा आदि विभिन्न परम्परागत मूल्यमान्यताको झलक दिने संस्कृतिहरू प्रस्तुत भएका पाइन्छन् । तीमध्ये विवाह र मृत्यु संस्कार पनि प्रमुख संस्कृतिका रूपमा रहेका देखिन्छन् । यहाँको समाजमा दुई प्रकारका विवाह पद्धतिहरू मागी विवाह र प्रेम विवाह प्रचलनमा रहेका भेटिन्छन् । यहाँ मगर, ठकुरी उत्पीडिजाति र मतुवाला जातिमा मामाकी छोरीलाई विवाह गर्न कुनै रोकटोक छैन । विवाहमा पन्चेबाजा बजाएर वा बाजा विहीन अवस्थामा घर वा मन्दिरमा गएर विवाह गर्ने पनि प्रचलन छ (पुन, २०७३, पृ. १३) । यस कर्खामा सुन्दरी केटी देख्दा उच्चपदस्थ व्यक्तिले देखाउने चरित्रको झलक पनि पाइन्छ । रतिनानीको सौन्दर्यमा मोहित भएर कर्नेलले विवाह प्रस्ताव राखी साइमासो उनका हातमा पारेको छ । कुराकानी मिलेपछि विवाह पक्का गर्न सुरुमा साइमासो राख्ने र पछाडि विवाह गर्ने सल्यानी समाजको परम्परागत प्रचलन हो । यस कर्खामा रतिनानीको रूप सौन्दर्यबाट प्रभावित भएर सल्यान खलङ्गाको कर्नेलले साइमासो लगाएको वर्णन यसरी गरिएको छ :

बिहे गर्ने भाकी, कर्नेलको साइमासो हजार रुप्य राखीन्

त्यहाँबाट बिदा भई हाटतिर हिडीन् नानी बस मायालै (रतिनानीको कर्खा १०)

एक झल्कोमा नै कर्नेलको विश्वास गरेर रतिनानीले साइमासो समाएबाट त्यस भेकका नारीको सरल स्वभावको प्रतिबिम्बन भएको छ । एकको मृत्युमा अर्काले आत्महत्या गर्ने चिम्सेनानी र क्षणिक प्रेममा फस्ने रतिनानीका क्रियाकलापबाट यहाँको तत्कालीन नारी चेतनाको अवस्था कमजोर रहेको स्पष्ट हुन्छ ।

सल्यान क्षेत्रमा मानिसको मानिसहरूको मृत्यु भएमा माटोमा गाड्ने वा चितामा जलाउने गरिन्छ । मृत्यु हुनुपूर्व हिरनको रूपमा सकेसम्म सुनको टुक्रा र नभएमा तिल, पानी, दही भए पनि खुवाइदिने प्रचलन छ । मृत्यु हुनुपूर्व रतिनानीले नथियाको टुक्रा हिरनको रूपमा खाएको वर्णन यहाँ यसरी गरिएको पाइन्छ :

मरिगै भन्दिया, देखी नाम्रो रिरिपितल बजाई नाम्रो काँसो

नथ्या भिज्यो कोठरीमा माला लैदेऊ नासो नानी बस मायालै

(रतिनानीको कर्खा २९)

यस कर्खामा रतिनानी र उनको भाइको हैजा लागेर मृत्यु भएको छ । चिम्सेनानीले नदीमा हामफालेर आत्महत्या गरेकी छिन् । यी तीन जनाको अन्त्येष्टि चिता बनाएर वा गाडेर दुवै तरिकाले गरेको पाइँदैन । हैजाका डरका कारण दुई मामाहरू साथमा भएर पनि रतिनानी र उनको भाइको मृत शरीरलाई मुठी माटोसमेत नदिएर त्यसै बाटामा छाडेर काग र गिद्धको शिकार बनाएको पाइन्छ । चिम्सेनानी भने भेरी नदीका माछा र गोहीको शिकार भएकी छिन् । यस प्रकारको कारुणिक प्रकृतिको मृत्युको वर्णन यस कर्खामा पाइन्छ । विवाह गर्नुपूर्व साइमासो लेनदेन गर्ने र मृत्यु हुने बेलामा सुनका वस्तु नै हिरनका रूपमा खुवाएर जिउको कोठरीमा पुऱ्याउने आदि कार्यहरू यहाँका विशिष्ट प्रचलन हुन् ।

यस कर्खामा सल्यानी संस्कृतिको झलक दिने विभिन्न प्रकारका हस्त शिल्पहरू धातुकला र काष्ठकलाहरू प्रशस्त मात्रामा भेटिन्छन् । मुख्य रूपमा यहाँका सुनार जातिले बनाउने स्वर्णकलाहरू- ढुङ्ग्री, च्याप्टे, बुलाकी आदि, चाँदीकलाहरू- कल्ली, पाइजु, बाला आदि, ताम्रकारहरूले बनाउने ताम्रकलाहरू- गाग्री, ताउला, हुन्डा, आदि, लोहारहरूले बनाउने फलामकलाहरू- खुकुरी, खुर्पा, कुटो, कोदालो, बन्चरो आदि हुन् । सल्यानी समाजमा पाइने यसप्रकारका धातुकलाहरू यस कर्खामा पर्याप्त मात्रामा पाइन्छन् । यी धातुकलामध्ये चन्द्र, क्लिप, टीका, सिक्काको माला, मुन्द्रीको वर्णन गरिएको रतिनानी कर्खाको अंश यस्तो छ :

बास गइन् ठुरे, शिरै लाउने चन्द्र क्लिप चानै लाउने टीका
ठुरेबाट उठीकन बास कुमढिक नानी बस मायालै
पुगिइन् बजार, गला लाउने सिकको माला हातमा लाउने मुन्द्री
रतिनानी आइन भनी बनिया बिछ्यायो गुन्द्री नानी बस मायालै

(रतिनानीको कर्खा १७/१९)

यसै गरैर यहाँका विभिन्न जातिले काष्ठकलाहरू- कोर्रे, ठेकी, गाबु, पिर्का, खुर्पेटो आदि, वनस्पनिजन्यकलाहरू- डालो, ढक्की, डोको, नाङ्लो आदि हस्तशिल्प बनाउने उपयोग गर्ने र बिक्री गर्ने प्रचलन पनि छ (पुन, २०७३, पृ. १३) । यस प्रकारका काष्ठकलामध्ये पानी खाने कोर्रेको वर्णन गरिएको कर्खाको टुक्रा यस प्रकार छ-

दोकान-दोकान रुन्छन्, उमैदेश पर्वतेको पानी खाने कोर्रे
घर आमा नाङै हुनिन् किन्देऊ मामा डोर्रे नानी बस मायालै (रतिनानीको कर्खा २४)

यसका साथै यहाँ परम्परागत प्रविधिका सामग्रीहरू ढिकी, जाँतो, घट्ट, कोल, मदानी, आदि गाउँघरमा यत्रतत्र पाइन्छन् । यस कर्खामा पनि सल्यानतिरका संस्कृति झल्काउने विविध कुराहरू पाउन सकिन्छ । विशेष गरेर परम्परागत रूपमा प्रयोग गरिँदै आएका गलामा लगाउने सिक्री, सिक्काको माला, पोते, नाडीमा लगाउने चुरा, बाला, रैंया, कपालमा पहिरने

क्लिप, चन्द्रमा, नाकमा लगाउने नथिया आदिको वर्णन यस कर्खामा प्रयोग भएका पाइन्छन् । गहनाको वर्णन गरिएको यस कर्खाको टुक्रा यस प्रकार छ-

कता पऱ्यो गात, हातमा लाउने सुनको बाला गला लाउने सिक्री

कता पऱ्यो गाजले आँखा कता पऱ्यो तिखी नानी बस मायालै

(रतिनानीको कर्खा ३५)

यसका साथै केटीकेटीहरू बिच सँगिना लगाउने प्रचलन पनि सल्यानी समाजको विशिष्ट सांस्कृतिक स्वरूप हो । रतिनानी र चिम्सेनानीले सँगिना लगाएको सुन्दर नमुना यस कर्खामा झल्किएको भेटिन्छ । यहाँ डोको बोकेर हाट जाने, हाट जाँदा बिक्री गर्ने सामग्री लगायत खाना पकाउन र सुत्न प्रयोग गरिने सामग्री पनि सँगै लैजाने, मासको दाल र मसुराको पैती खाने, चिलिममा तमाखु खाने, कोर्रेमा पानी बोक्ने, काँसो तथा पित्तलका भाँडाकुडा प्रयोग गर्ने आदि सांस्कृतिक पक्ष पनि यस कर्खामा आएका छन्, जस्तै-

भान्सा गर दिदी, मासैको यो दाल नाम्रो मसुरेर पैती

तम्री छोरी रतिनानी बबई मरी गैती नानी बस मायाल (रतिनानीको कर्खा ३३)

यहाँका बासिन्दाहरूमध्ये पुरुष जातिले इच्छाअनुसार कमिज, भोटो, सुरुवाल आदि र महिलाजातिले इच्छाअनुसार गुन्यु, चोलो, घलेक, पटुका, सारी, धोती आदि पोसाक पहिरिने गर्दछन् । यस कर्खामा सल्यानी समाजमा पाइने डोर्रे, लाछाडोरी आदि पोसाकका नमुना पनि पाउन सकिन्छ । यसरी सल्यानी समाजमा प्रचलनमा रहेका परम्परागत मूल्यमान्यता, विभिन्न शिल्पकला, धर्म, भेषभूषा आदि सांस्कृतिक पक्षहरू यस कर्खामा प्रतिबिम्बित भएका पाइन्छन् ।

## सल्यानी स्थानीय भाषिकाको प्रयोग

लोकसाहित्यमा प्रायः लोकजीवनले बोल्दै सुसेल्दै आएका झर्रा, सङ्ला र मौलिक शब्दहरू प्रयोग भएका हुन्छन् । अन्य भाषाका वक्ताका लागि सुबोध नभए पनि कृत्रिमता रहित सरल र स्वभाविक अभिव्यक्तिले गर्दा जनभाषामा रमाउँदै जनताबाट सिक्न चाहनेहरूलाई यसले लोभ्याएरै छाड्छ (गिरी, २०५७. पृ. १०८) । यस कर्खामा पनि सल्यानी जनताले प्रयोग गर्ने स्थानीय भाषिकाको स्वभाव अनुसार नाम्रो (राम्रो), तम्रो (तिम्रा), लायो (लाग्यो), लाउने ( लगाउने), पाइता (पाइला), डाँरा (डाँडा), नथ्या (नथिया), मुन्द्री (औँठी) आदि शब्द प्रयोग भएका छन् । स्थानीय बासिन्दाले बोल्ने केही स्थानीय झर्रा, सङ्ला र ठेट शब्द पनि यहाँ प्रयोग भएका छन् । विशेष गरेर डोर्रे (कपडा), खन्बाउसी (खन्ता), डिङ्नी (लठ्ठी), सरा ( अदुवाको बोट) र जोड्ले झौँकीझौँकी (झुक्ने) जस्ता स्थानीय शब्द शब्दावलीहरू यस कर्खामा प्रयोग भएका देखिन्छन् । यसका साथै तिल, पत्र, राजा, बुध, शिरजस्ता तत्सम शब्द, बैनी, हाट, सात, जेठ आदि तद्भव शब्द र दोकान, लास, हैजा, कर्नेल आदि आगन्तुक शब्दको

प्रयोग पनि भएको पाइन्छ। यसरी नै सल्यानी जनताले प्रयोग गर्ने झौँकीझाँकी, खिरखिरे, लिकलिकेजस्ता अनुकरणात्मक शब्दको प्रयोगले कर्खालाई सौन्दर्य र श्रुतिमाधुर्य प्रदान गरेका छन्। स्वर मिलाई गीत गाउन र अन्त्यानुप्रास मिलाउन प्रकृतिचित्रण गरिएका पङ्क्तिहरू र नानी बस मायालैजस्ता थेगा वा रहनी प्रत्येक श्लोकमा प्रयोग भएका छन्, जस्तै :

बास लोतमाऱ्या, उमै देश पर्वतेले डिङ्नी टेक्यो खुरे

लोतमारेबाट उठी बास गइन् ठुरे नानी बस मायालै (रतिनानीको कर्खा १६)

यस कर्खामा हाट यात्राको विवरण सुन्दर रूपमा प्रस्तुत गरिएकाले विवरणात्मक शैलीको प्रस्तुत भएको छ।

**आर्थिक अवस्थाको चित्रण**

रतिनानी कर्खामा सल्यानी जनजीवनका आर्थिक अवस्थाका विभिन्न पक्षहरूको चित्रण गरेको पाइन्छ। खास गरेर यस कर्खामा खेतीपाती, पशुपालन, जीवनोपार्जनका अन्य जातीय व्यवसाय आदिको बयान गरेको देखिन्छ। यहाँ पशुपालन व्यवसायको झलक दिने घोडा, भैँसी, गाई, भेडा, बाखा, पाठा आदिको चर्चा गरेको भेटिन्छ। कर्खाको बिचबिचमा गाई, भैँसीको चर्चा गरिएको कर्खाको टुक्रा यस प्रकार छ :

तिनै पाथी खाजा, गाई लाइयो रनबन भैँसी लाइयो कोल्टा

सय साठी हटारुयौ छोरी तम्रै पोल्टा नानी बस मायालै (रतिनानीको कर्खा ५)

सल्यान क्षेत्र कृषिप्रधान क्षेत्र हो। यहाँका धेरैजसो व्यक्तिहरू खेतीपातीमै निर्भर रहेको पाइन्छ। सल्यानी बासिन्दाको प्रमुख आयस्रोतको रूपमा खाद्यन्न बालीमा गहुँ, धान, मकै, कोदो, जौँ, दलहन बालीमा मास, सिमी, कला (केराउ), भटमास, सिल्टुङ, गहत, बोडी, तरकारी बालीमा मुला, काउली, बन्दागोबी, भेडेखुर्सानी, तेलहन बालीमा तोरी, सर्स्यु, तिल, चिउरे आदि रहेको पाइन्छ। यसैगरी मसलाजन्य बालीमा अदुवा, हलेदो, प्याज, लसुन, दनु आदिको खेती गरेको पाइन्छ (पुन, २०७४, पृ. ३७)। यस कर्खामा सुठो, मकै, अदुवा, हलेदो, पिडालु, मास, मसुरो र तिलको वर्णन पाइन्छ। हलेदो र अदुवाको वर्णन गरिएको कर्खाको अंश यस्तो छ :

बास गइन झिर, हलेदोको बुर्नैबुर्न अदुवैको सरा

झिरबाट उठीकन बास राजितरा नानी बस मायालै (रतिनानीको कर्खा १३)

यसैगरी अदुवालाई सुठो बनाएर बिक्री गरेको र तिल खेती गरी कोलमा पेली तेल निकालेको चर्चा पनि यहाँ गरिएको छ। यहाँ खन्बाउसी, कोदाली, खुकुरी बन्चरोजस्ता कृषि कार्यमा प्रयोग गरिने सामग्रीहरूको बयान पनि पाइन्छ। सल्यानको नगदे बालीका रूपमा अदुवा,

सुठो, बेसार, टिमुर, भटमास, सिमीको दाल आदि प्रसिद्ध छन् । यी सामग्रीहरू बजारमा गएर बिक्री गर्ने प्रचलन अहिले पनि छँदैछ (पुन, २०७३, पृ. १६) । सामग्री बिक्री गरेपछि पाएको रुपैयाँले घरका लागि आवश्यक नुन, तेल, कपडा, भाँडाकुँडा गरगहना, खानपिनका सामग्री आदि किन्ने प्रचलन पनि यस क्षेत्रमा रहेको छ । यस कर्खामा पनि अदुवाको सुठो बनाएर बिक्री गरी आफूलाई मन पर्ने सुनका बाला सिक्री, नथिया, रैँया, सिक्काको माला, लाछ्राडोरी किनेर पहिरिएको चर्चा पाइन्छ । सुठो बिक्री गरेर आवश्यक सामग्री किनेको बयान गरिएको कर्खाको टुक्रा यस प्रकार छ :

किन्देऊ मामा डोर्रे, खन्बाउसी कोदाली मेरो दापलीले फाउले

किन्देऊ मामा लाछ्राडोरी घर बैनी लाउले नानी बस मायालै

(रतिनानीको कर्खा २५)

यसै गरी यहाँका बासिन्दाले जीवन धान्नका लागि विभिन्न प्रकारका जातीय पेसाहरू अँगालेको पाइन्छ । परियारले कपडा सिलाएर, लोहारले फलामका भाँडाकुडा बनाएर, स्वर्णकारले सुनका गहना बनाएर, बादीले मादल, दमाह बनाएर, गन्धर्वले नाँचगान गरेर, टमटहरूले तामाका भाँडा बनाएर, जलारुहरूले माछा मारेर र धोवीले लुगा धोएर आफ्ना परिवार पाल्ने गरेको देखिन्छ । यसरी सल्यानी बासिन्दाले जीविकोपार्जनका लागि पशुपालन, खेतीपाती र जातीय पेसालाई मूल आधार बनाएर जीवनयापन गरेको कुरा यस कर्खामा प्रस्तुत भएको स्पष्ट हुन्छ ।

**सल्यानी प्रकृतिको चित्रण**

यस कर्खामा सल्यानी प्रकृतिको सजीव चित्रण भएको पाइन्छ । यो समशीतोष्ण जलवायु भएको क्षेत्र हो । यहाँ विभिन्न प्रकारका लेकबेसी, खोलानाला, भिरपाखा, बनजङ्गल, उकाली–ओराली, देउराली, भन्ज्याङ, चौतारी, छहरा, झरना र पाखापखेराहरू पाइन्छन् । यहाँ गाउँबेसीको आह्लादकारी दृश्यावलोकन गर्न सकिने गुराँसे, कुमाख, झिम्पे, खर्सुबास, पाखापानी, दयधुरी, थर्कोट, खानी, रुम्टी, झारखर्का आदि प्रमुख लेकहरू रहेका छन् । यी लेकहरूमा बाँज, रयाँज, गुराँस, चाँप, काउला, काफल, धायरो, तिर्सुला आदिका रुखहरू प्रशस्त मात्रामा पाइन्छन् । बसन्तको हरियालीमा रुखका पालुवाहरू लहलह झुलेका हुन्छन् भने गुराँस, चाँप आदिका फूलहरू ढकमक्क फुलेका हुन्छन् (पुन, २०७३, पृ. १०) । यस क्षेत्रमा प्रशस्त मात्रामा पाइने रुखबिरुवामध्ये धायरो र तिर्सुलाको बयान गरिएको कर्खाको अंश यस प्रकार छ :

कता पऱ्यो तिखी, बाखरीले रुचाएको धायरी तिर्सुला

मेरी छोरी रूप्से मुहार काँ गई बिर्सुला नानी बस मायालै (रतिनानीको कर्खा २६)

यी पहाडहरूमा विभिन्न प्रकारका जङ्गली जनावरहरू र पंक्षीहरू पाइन्छन् । साना-तिना बुटाहरूले ढपक्क ढाकेका यी लेकहरूमा मानव बस्ती भने त्यति विकसित भएको पाइँदैन । यी मनोरम लेकहरूको तल्लो भागमा विभिन्न जातिका मानिसहरूले बसोबास गरेको पाइन्छ । मानव बस्ती भएका यी गाउँहरूमा पात्ला न बाक्ला घरहरू देखिन्छन् । यहाँका प्रायजसो घरहरू जस्ताका छाना र केही घरहरू फुसको छाना भएका माटोढुङ्गाका कच्ची गाराहरूले बनेका छन् । हाल आएर थोरै मात्रामा पक्की घरहरू पनि बन्न थालेका देखिन्छन् । फुसको छाना भएको घरको चर्चा गरिएको कर्खाको पङ्क्ति यस प्रकार छ :

दिदी आइन बबई, नयाँ घरको खरको छानो पुरानो बन्दिया

घर आमा सोधिन् भने मरिगै भन्दिया नानी बस मायालै (रतिनानीको कर्खा २८)

यहाँको गाउँघर भिरपाखा र बनजङ्गलहरूले ढाकेको देखिन्छ । बनजङ्गलहरूमा साल, सल्ला, साज, जामुन लगायतका रुखहरू र बाघ, भालु, चितल लगायतका जनावरहरू पाइन्छन् । गाउँगाउँ, टोलटोल र घरघरमा एकतिर कागती, अम्बा, आँप, अमला, मौसम, सुन्तला आदि फलहरू लटरम्म फलेका हुन्छन् भने अर्कोतिर सयपत्री, मखमली, लालुपाते आदि फूलहरू ढकमक्क फुलेका हुन्छन् (पुन, २०७४, पृ. ३१) । यस कर्खामा यस प्रकारका प्रकृतिका सुन्दर नमुनाहरू प्रतिविम्बित भएका छन् । विशेष गरेर निलो आकाशमा सेतो बादलको रेखा लागेको, हुरी, बतास आँधीबेहरीले सगर गड्गडाएको, पहाडी पाखा तथा लेकहरूमा रिमझिम-रिमझिम पानी बर्सिएको, वर्षा मासमा पिँडालुको कलिलो गाभा पलाएको आदि वर्णन यहाँ पाइन्छ । यसै गरी बनजङ्गलमा चरिरहेका भेडाको बगालमा बाखाले रजाइँ गरेको, गाईहरू रनबन चरेको, भैँसीहरू ओल्टा कोल्टामा चरेको वर्णन यस कर्खामा पाइन्छ । गाई भैँसीको चर्चा गरिएको कर्खाको अंश यस प्रकार छ :

तिनै पाथी खाजा, गाई लाइयो रनबन भैँसी लाइयो कोल्टा

सय साठी हटारूयौ छोरी तम्रै पोल्टा नानी बस मायालै (रतिनानीको कर्खा ५)

यसका अतिरिक्त कर्खामा घटनाक्रमसँग तादात्म्य राख्ने विभिन्न प्रकारका प्रकृति चित्रण भएको पाइन्छ । सुन्दर, शान्त र सुखद घटनाको बयान गर्दा प्रकृतिको रमणीय अवस्थाको चित्रण र पीडाप्रद, वेदनामय र दुःखद घटनाको बयान गर्दा प्रकृतिको विकराल, कारुणिक, भयावह उराठ रूपको चित्रण गरिएको पाइन्छ । भैँसी भोकाएर कराउँदै घाँस खोजेको, धोबीले तालतलैयामा दुःखका साथ कपडा धोएको वर्णन एकातिर पाइन्छ भने अर्कातिर रतिनानीको मृत्यु भएको र बाटैमा लास छाडेर हटारुहरू गएको बयान यहाँ पाइन्छ । यसमा हुरी बतास, आँधिबेहरी, बादलको गडगडाहट र पानीको रिमझिमको वर्णन पनि आकर्षक रूपमा प्रस्तुत गरिएको छ । दुःखद घटना र प्रकृतिको विकराल रूपबिच तादात्म्य राख्ने विषयवस्तु प्रस्तुत

गरेको पाइन्छ । यसै क्रममा छोरीको मृत्यु भएपछिको आमाको विरही अवस्थाको चर्चा गर्दा जेठामासको उराठ लाग्दो वातावरण र पात झरेको पिपलको वर्णन गरिएको पाइन्छ ।

बबई मरी गैती, फरफर फरकिने पिपलुको पात

कता पऱ्यो रूपसे मुहार कता पऱ्यो गात नानी बस मायालै (रतिनानीको कर्खा ३४)

यसरी सल्यान क्षेत्रका प्रकृतिका अनेक रूपहरूलाई यस कर्खामा प्रयोग गरिएको पाइन्छ । प्रकृतिका यी छटाहरूले यस कर्खालाई जीवन्त बनाउने काम गरेको देखिन्छ ।

## कर्खामा सल्यानी लयको संरचनागत प्रभाव

यस कर्खामा गीतितत्त्व, कथातत्त्व र लोकतत्त्वको मिश्रण भएको पाइन्छ । यो कर्खा सल्यान क्षेत्रमा प्रचलित ठारीभाकाको २+२,२+२,२+२+२ को संरचनामा नानी बस मायालै थेगो २+२+२ थप गरी जम्मा २० अक्षरका साथ गाउने गरेको पाइन्छ। यस कर्खाका पुरै श्लोकहरू पद्यमा संरचित छन् । यस कर्खामा दुई पङि्त भएका सरतिसओटा श्लोक र तीनतीन पङ्क्ति भएका दुईओटा श्लोक गरी जम्मा उन्चालिस श्लोक  र असी पङ्क्तिहरू छन् । गन्धर्वहरूले सौन्दर्य र श्रुतिमाधुर्य प्रदान गर्न प्रत्येक श्लोकको पहिलो पङ्क्तिमा सुरुको श्लोकमा सोही पङ्क्तिका अन्तिम २+२+२ अक्षर र अन्य श्लोकमा अघिल्लो श्लोकका अन्तिमका २+२+२ अक्षरहरूको पुनरावृत्ति गरेको पाइन्छ भने प्रत्येक श्लोकको दोस्रो पङ्क्तिका अन्तिममा नानी बस मायालै थेगोको प्रयोग गरेको भेटिन्छ, जस्तै-

तिलगौरीको पिना, कोलमाथि पेल्न लागे तिलगौरीको पिना

रतिनानी पाइता सारिन बुधबारको दिन नानी बस मायालै

बुधबारको दिन, छाँटीछुटी चामलुको सुपा लाइयो ढुटो

रतिनानी भारी हालिन साठी धार्नी सुठो नानी बस मायालै (रतिनानीको कर्खा १/२)

लामो स्वर तानेर गाइने यस कर्खामा सारङ्गी मात्र वाद्य सामग्रीका रूपमा प्रयोग भएको देखिन्छ । यस कर्खाको प्रस्तुतिमा धेरैजसो श्लोकका पहिलो पङि्क्त लय मिलाउन प्रयोग भएको पाइन्छ भने दोस्रो पङ्क्ति कथावस्तुको अर्थ दिन प्रयोग भएको पाइन्छ । कतिपय अवस्थामा भने व्याकरणिक नियमभन्दा बाहिर गएर लय मिलाउन हलन्त प्रयोग हुने ठाउँमा अजन्त र अजन्तको प्रयोग हुने ठाउँमा हलन्तको प्रयोग गरेको देखिन्छ । यसका साथै स्थानीय भाषिकाको झलक दिने जाऱ्या, माऱ्या, भन्दिया, बुन्दिया आदि शब्दको प्रयोग भएबाट यस कर्खामा सल्यानको भाषागत लोकतत्त्वको पूर्ण प्रयोग भएको स्पष्ट हुन्छ ।

## निष्कर्ष

यस लेखमा तत्कालीन सल्यानी जनताले नेपालगन्जसम्मको हाटयात्रा गर्ने क्रममा भोग्नु परेका पीडा र व्यथाका साथै उनीहरूले जीवन सञ्चालनका लागि गरेका कार्यहरूको विश्लेषण गरिएको छ। तत्कालीन सल्यानी समाजमा विवाहका लागि साइमासो दिने परम्पराका रूपमा कर्नेलले रतिनानीलाई हजार रुपैया दिएको र मृत्यु हुनुपूर्व हिरन भनेर सुनको टुक्रा खुवाइदिने संस्कारका रूपमा रतिनानीले नथिया खाएको चर्चा यसमा गरिएको छ। यसमा सल्यानको सांस्कृतिक झलक दिने शिल्पकलाहरू गलामा लगाउने सिक्री, सिक्काको माला, पोते, नाडीमा लगाउने चुरा, बाला, रैँया, कपालमा पहिरने क्लिप, चन्द्रमा, नाकमा लगाउने नथिया, औँलामा लगाउने मुन्द्री आदिको उल्लेख गरिएको छ। यस कर्खामा सल्यानी जनताले प्रयोग गर्ने स्थानीय भाषिकाको स्वभाव अनुसार नाम्रो (राम्रो), तम्रो (तिम्रा), लायो (लाग्यो), लाउने (लगाउने), पाइता (पाइला), डाँरा (डाँडा), नथ्या (नथिया), मुन्द्री ( औँठी) आदि शब्दको चर्चा गरिएको छ। यस कर्खामा सल्यान क्षेत्रका मनोरम पहाडी प्रकृतिका सुन्दर नमुनाहरू प्रतिविम्बित भएका पाइएका छन्। विशेष गरेर निलो आकाशमा सेतो बादलको रेखा लागेको, हुरी, बतास आँधीबेहरीले सगर गड्गडाएको, पहाडी पाखा तथा लेकहरूमा रिमझिम-रिमझिम पानी बर्सिएको, वर्षा मासमा पिँडालुको कलिलो गाभा पलाएको, बाख्राले धायरो र तिर्सुला खाएको वर्णन यसमा गरिएको छ। यस कर्खामा यहाँका जनताले जीविकोपार्जनका लागि गर्ने पशुपालन व्यवसायको झलक दिने घोडा, भैँसी, गाई, भेडा, बाख्रा, पाठा आदिको चर्चा गरिएको छ। सल्यानी जनताले गर्ने खेतीपाती सुठो, मकै, अदुवा, हलेदो, पिडालु, मास, मसुरो र तिलको वर्णन यस कर्खामा गरेको पाइन्छ। जातीय पेसाका रूपमा यहाँ परियारले कपडा सिलाएर, लोहारले फलामका भाँडाकुडा बनाएर, स्वर्णकारले सुनका गहना बनाएर, बादीले मादल, दमाह बनाएर, गन्धर्वले नाँचगान गरेर, टमटहरूले तामाका भाँडा बनाएर, जलारुहरूले माछा मारेर र धोवीले लुगा धोएर आफ्ना परिवार पाल्ने गरेको बयान यसमा गरिएको छ। यसरी यस कर्खामा हाटयात्राको वर्णन, सामाजिक, सांस्कृतिक तथा आर्थिक अवस्था, प्रकृति चित्रण, स्थानीय भाषिका र कर्खाको लयमा सल्यानी ठारीभाकाको प्रभावको विश्लेषण गर्नु नै यस अध्ययनको महत्त्वपूर्ण प्राप्ति हो। यो शोधलेख तत्कालीन सल्यानी समाजको अध्ययन गर्न चाहने अध्येताका लागि महत्त्वपूर्ण सामग्री बन्न सक्ने देखिन्छ।

## परिशिष्ट

## रतिनानीको कर्खा

(१) तिलगौरीको पिना, कोलमाथि पेल्न लागे तिलगौरीको पिना
रतिनानी पाइता सारिन बुधबारको दिन नानी बस मायालै
(२) बुधबारको दिन, छाँटीछुटी चामलुको सुपा लाइयो ढुटो
रतिनानी भारी हालिन साठी धार्नी सुठो नानी बस मायालै
(३) साठी धार्नी सुठो, माछा मार्ने जलारुले माछी माऱ्यो खिदा
साठी धार्नी सुठोमाथि सात पाथी सिदा नानी बस मायालै
(४) सात पाथी सिदा, लरकिने ढलकिने बैंस पापी राजा
रतिनानी बाटा खर्च तिनै पाथी खाजा नानी बस मायालै
(५) तिनै पाथी खाजा, गाई लाइयो रनबन भैँसी लाइयो कोल्टा
सय साठी हटारुयौ छोरी तम्रै पोल्टा नानी बस मायालै
(६) छोरी तम्रै पोल्टा, चिलिममा भरिखाने तमाखुको खार्ने
घरबाट उठेकी नानी बास बारधार्ने नानी बस मायालै
(७) बास बारधार्ने, भेरीको बगालमाथि बाखरीको पाठी
बारधार्नेबाट उठी बास सितलपाटी नानी बस मायालै
रतिनानी आइन भनी कर्नेल भेटीघाटी नानी बस मायालै
(८) कर्नेल भेटीघाटी, खलङ्गाको कर्नेल साब सितलपाटी झऱ्यो
रतिसँग बिहे गर्ने मनको कुरा गऱ्यो नानी बस मायालै
(९) मनको कुरा गऱ्यो, सय साठी हटारुको साथमा हाट आकी
हाटबाट फर्केपछि बिहे गर्ने भाकी नानी बस मायालै
(१०) बिहे गर्ने भाकी, कर्नेलको साइमासो हजार रुप्य राखीन्
त्यहाँबाट बिदा भई हाटतिर हिँडीन् नानी बस मायालै
(११) हाटतिर हिँडीन्, पत्र काट्यो बन्दुकको शिशा काट्यो गोली
सितलपाटीबाट उठी बास गुप्ताखोली नानी बस मायालै
(१२) बास गुप्ताखोली, खनबाउसे कोदाली मेरो बन्चरे र बिर
गुप्ता खोलीबाट उठी बास गइन झिर नानी बस मायालै
(१३) बास गइन झिर, हलेदोको बुर्नैबुर्न अदुवैको सरा
झिरबाट उठीकन बास राजितरा नानी बस मायालै
(१४) बास राजितरा, जालै खेल्ने जलारुले माछी माऱ्यो बुडा
राजितराबाट उठी बास डाँराढुङ्गा नानी बस मायालै
(१५) बास डाँराढुङ्गा, झौँकीझौँकी भुक्न लाइयो जुमलीको जाऱ्या

डाँराढुङ्गाबाट उठी बास लोतमाऱ्या नानी बस मायालै
(१६) बास लोतमाऱ्या, उमै देश पर्वतेले डिङ्नी टेक्यो खुरे
लोतमारेबाट उठी बास गइन् ठुरे नानी बस मायालै
(१७) बास गइन् ठुरे, शिरै लाउने चन्द्र क्लिप चानै लाउने टीका
ठुरेबाट उठीकन बास कुमढिक नानी बस मायालै
(१८) बास कुमढिक, घोरो बिग्यो दस बिस हात्तीलाई हजार
कुमढिकबाट उठी पुगिइन् बजार नानी बस मायालै
(१९) पुगिइन् बजार, गला लाउने सिकको माला हातमा लाउने मुन्द्री
रतिनानी आइन भनी बनिया बिछ्यायो गुन्द्री नानी बस मायालै
(२०) बनिया बिछ्यायो गुन्द्री, हातमा लाउने चुरी रैयाँ गला लाउने सिक्री
सय साठी हटारुका डोगी भए बिक्री नानी बस मायालै
(२१) डोगी भए बिक्री, लेखै लाग्यो बरसिन बादल लाग्यो रेखा
सय साठी हटारुले बुझिलिए लेखा नानी बस मायालै
(२२) बुझिलिए लेखा, ह्याँ भैंसी भोकले मऱ्यो लेख लैजा गैजा
किन आइतैं जल्ने हाट हाटै रैछ हैजा नानी बस मायालै
(२३) हाटै रैछ हैजा, नेपालगन्ज गुप्तीतालमा धोवी लुगा धुन्छन्
किन आइछु जल्ने हाट दोकान-दोकान रुन्छन् नानी बस मायालै
(२४) दोकान-दोकान रुन्छन्, उमैदेश पर्वतेको पानी खाने कोर्रे
घर आमा नाङ्डै हुनिन् किन्देऊ मामा डोर्रे नानी बस मायालै
(२५) किन्देऊ मामा डोर्रे, खन्बाउसी कोदाली मेरो दापलीले फाउले
किन्देऊ मामा लाछाडोरी घर बैनी लाउले नानी बस मायालै
(२६) घर बैनी लाउले, हलेदोको बुर्नेबुर्न अदुवैको रिक
बजार छोरी रतिनानी बास कुमढिक नानी बस मायालै
(२७) बास कुमढिक, बर्खामास पलाएको पिरालेर गबई
भाइ मरे कुमढिक दिदी आइन बबई नानी बस मायालै
(२८) दिदी आइन बबई, नयाँ घरको खरको छानो पुरानो बन्दिया
घर आमा सोधिन् भने मरिगै भन्दिया नानी बस मायालै
(२९) मरिगै भन्दिया, देखी नाम्रो रिरिपितल बजाई नाम्रो काँसो
नथ्या भिज्यो कोठरीमा माला लैदेऊ नासो नानी बस मायालै
(३०) माला लैदेऊ नासो, सगर लाग्यो गरकिन पानी लाग्यो चुन
दुइटा माउली सङै भई मुठी माटो पाइन नानी बस मायालै
(३१) मुठी माटो पाइन, बाटैतिन जोर पिपलु लिकलिके बर
बबईबाट उठीकन माउलीहरू घर नानी बस मायालै

(३२) माउलीहरू घर, भेरीको बगालमाथि बाखरेर गिदी
भान्जाभान्जी पछि आउँछन् भान्सा गर दिदी नानी बस मायालै
(३३) भान्सा गर दिदी, मासैको यो दाल नाम्रो मसुरेर पैती
तम्री छोरी रतिनानी बबई मरी गैती नानी बस मायालै
(३४) बबई मरी गैती, फरफर फरकिने पिपलुको पात
कता पऱ्यो रूपसे मुहार कता पऱ्यो गात नानी बस मायालै
(३५) कता पऱ्यो गात, हातमा लाउने सुनको बाला गला लाउने सिक्री
कता पऱ्यो गाजले आँखा कता पऱ्यो तिखी नानी बस मायालै
(३६) कता पऱ्यो तिखी, बाखरीले रुचाएको धायरी तिर्सुला
मेरी छोरी रूप्से मुहार काँ गई बिर्सुला नानी बस मायालै
(३७) काँ गई बिर्सुला, घाटगाउँ बुरेलीमा चिम्से नानी बस्थिन्
रति चिम्से सँगै मर्ने बाचा कसम खाथिन् नानी बस मायालै
(३८) बाचा कसम खाथिन्, आरनेले बनाइहाल्यो खुकुरेर पोती
घाटै मर्ने चिम्सेनानी हाटै मर्ने रति नानी बस मायालै
रतिनानी चिम्सेनानी सुरजेका ज्योति नानी बस मायालै
(३९) सुरजेका ज्योति, चनाराले बनाइहाल्यो खुकुरेर पाइन
रतिनानी कर्खा गाउने तुकमान गाइन नानी बस मायालै
स्रोतः टोकमान गन्धर्व

## सन्दर्भसामग्री सूची


आचार्य, गोविन्द (२०६२). *लोकगीतको विश्लेषण.* पैरवी प्रकाशन ।

कन्दङ्वा, काजीमान (२०२०). *नेपाली जनसाहित्य.* रायल नेपाल एकेडेमी ।

गिरी, जीवेन्द्रदेव (२०५७). *लोक साहित्यको अवलोकन.* एकता प्रकाशन ।

गिरी, जीवेन्द्रदेव (२०७८). *सिम्ताली लोकगीतको अध्ययन.* सिम्ता गाउँपालिका ।

गुप्ता, विश्वम्भर दयाल (ई. १९८२). साहित्यका समाजशास्त्र. नेसनल पब्लिसिङ हाउस ।

गौतम, कष्ण (२०५०). *'समाजशास्त्रीय समालोचना' आधुनिक आलोचना, अनेक रूप अनेक पठन.* साझा प्रकाशन.

त्रिपाठी, वासुदेव (२०३६). *पाश्चात्य समालोचनाको सैद्धान्तिक परम्परा.* साझा प्रकाशन ।

पुन, डम्बरबहादुर (२०५८). *दक्षिणपूर्वि सल्यानका नेपाली लोकगीतको अध्ययन.* अप्रकाशित स्नातकोत्तर शोधपत्र. नेपाली केन्द्रीय विभाग. त्रिवि ।

पाण्डेय, मैनेजर. (ई. १९८९). साहित्य के समाजशास्त्र की भूमिका. हरियाणा साहित्य अकादमी ।

पुन, डम्बरबहादुर (२०७३). *राप्ती आठहजार क्षेत्रमा प्रचलित नेपाली लोकगीतको अध्ययन.* अप्र. लघुअध्ययन. नेपाल सङ्गीत तथा नाट्य प्रज्ञाप्रतिष्ठान ।

पुन, डम्बरबहादुर (२०७४). *नेपालका प्रदर्शनकारी कला.* नेपाल सङ्गीत तथा नाट्य प्रज्ञाप्रतिष्ठान ।

भण्डारी, पूर्णबहादुर (२०५७). *नेपाली साहित्यमा सल्यान जिल्लाको योगदान,* त्रि.वि. मा प्रस्तुत स्नातकोत्तर अप्रकाशित शोधपत्र ।

लम्साल, रामहरि. साहित्यको समाजशास्त्रीय चिन्तनमा विलियम्सको धारणा https://www.nepjol.info/index.php/ijmss/article/view/34656

शर्मा, मोहनराज र खगेन्द्रप्रसाद लुइटेल (२०६३). *लोकवार्ता विज्ञान र लोकसाहित्य.* विद्यार्थी पुस्तक भण्डार ।